# भूपी खोज्दै माइकल



कुमार आले

लन्डन युनिभर्सिटीका प्राध्यापक **माइकल हट**, ४७, लाई अहिले अनौठो भूतले छोएको छ । उनी सारा ज्ञात-अज्ञात प्यारा/चर्चित कविहरूलाई छाडेर अहिले भूपी शेरचनका पछि लागेका छन् । केही वर्षअघि नेपाल आउँदा प्राध्यापक मित्र अभि सुवेदीले दिएको भूपीको 'मेरो चोक' शीर्षक कविता पढेर माइकल थामिनै सकेनन् । त्यति सरल र सहज भाषामा त्यति धेरै कुरा बोल्ने कवि उनले भेटेकै थिएनन् ।

"ऊ करोडपतिको छोरा, पछि सर्वहारा (वामपन्थी) जस्तो, काठमाडौँबाहिरबाट आएको र प्राज्ञसम्म बनेको !" असारको तेस्रो साता काठमाडौँ गेस्टहाउसमा भेटिएका हटले सुनाए, "नेपालमा आधुनिकीकरणका काम कुरा भइरहेका बेला भूपी एकैचोटि तीन/चार मोडमा उभिएका थिए ।" ती मोडमा उभिएका भूपी खोज्ने क्रममा माइकल यसपालि नेपाल आएका थिए । भूपी-परिवार र अन्तरङ्ग मित्रजनसँग वार्ता गर्ने मात्रै होइन, उनका सामग्री खोज्ने पनि माइकलको ध्येय छ । यही बखत भूपीबारे कुरा गर्न उनी दार्जीलिङसमेत पुगे, आईबी राईसँग भेट गर्नका लागि ।

"अब आउने हिउँदमा पोखरा र भूपीको गाउँ टुकुचे पनि पुग्नेछु । बनारसमा भूपीले बिताएको विद्यार्थी जीवनबारे उनका साथी महेश उपाध्याय, गुञ्जमान शेरचनलगायतबाट केही बुझ्नेछु," उनले सुनाए । तर, यहाँ भेटेमध्ये केहीले भूपीका लागि स्नेह र आलोचना दुवै गाँसेर पुराना कुरा सुनाएका थिए । "उनले लेखेका 'हल्लै हल्लाको देश', 'मेरो चोक' जस्ता कविता त यहाँ उखानजस्तै बनेका छन्," उनले भने, "समाजको केही पक्षलाई लिएर उनले गरेको व्यङ्ग्यात्मक स्पष्टीकरण चाखलाग्दो छ ।" माइकलले यो सबै काम 'बाहिरको संसारले नेपाललाई बुझोस्' भनेर गरिरहेका हुन् । "यो देश सोझा किसानहरूको मात्रै देश होइन, यहाँ भूपीजस्ता भिन्न आयाम भएका व्यक्ति पनि छन् भनेर बुझाउन खोजेको हुँ," माइकल भन्छन् ।

माइकललाई भूपीका अरू कविताभन्दा बढी शिव रेग्मीले सम्पादन गरेर निकालेको भूपीको पछिल्लो कवितासङ्ग्रहबाट 'सर्पको गोजी' कविता मनपर्छ । "अनुसन्धानविद् रेग्मीले मलाई आवश्यक सामग्री खोज गर्न सहयोग पुर्‍याउने भन्नुभएको छ," उनले सुनाए, "अब एक वर्षभित्रमा भूपीमाथिको खोज पुस्तकका रूपमा आइसक्नेछ ।"